नेपाल सरकारको निर्णय—

१. "हालै गएको विनासकारी भूकम्पबाट प्रभावित भई घरभन्दा बाहिर रहेका व्यक्तिहरूको घर तथा सम्पत्तिको प्रभावकारी सुरक्षा व्यवस्था गृह मन्त्रालयले तत्काल मिलाउने ।

२. क्याम्प तथा सडकमा ठूलो सङ्ख्यामा मान्छे बसिरहेको कारण क्याम्पमा महामारी फैलिनसक्ने सम्भावनालाई दृष्टिगत गरी समयमै सजगता अपनाई सरसफाईको उचित व्यवस्था सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य उपचारको प्रभावकारी व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने ।

३. अहिलेको विषम परिस्थितिमा अत्यावश्यक वस्तुको आपूर्ति नगर्ने र कालोबजारी, कार्टेलिङ्ग, सिण्डिकेट, मूल्यवृद्धिलगायत आपूर्ति व्यवस्थालाई असहज बनाउने व्यक्तिहरूलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले तत्काल कानुनबमोजिम कारवाही गर्ने । वित्तीय संस्था तथा बैंकलाई तत्काल खोल्न लगाउने र सो कार्य गर्न अटेर गर्नेलाई अर्थ मन्त्रालयले कारवाही गर्ने ।

४. विनासकारी भूकम्पबाट प्रभावित नागरिकहरूको खोज, उद्धार, राहत तथा पुनर्स्थापनालगायतको काम गर्नका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धारकोषमा जम्मा गर्न एक अर्ब रुपैयाँ अर्थ मन्त्रालयले निकासा दिने ।

५. विनासकारी भूकम्प प्रभावित क्षेत्रमा राहतस्वरूप औषधी, खाद्यान्न, पाल, खानेपानीलगायत अत्यावश्यक राहत सामग्रीहरू जुनसुकै माध्यमवाट भएपनि प्राप्त गरी वा खरिद गरी तुरुन्त उपलब्ध गराउने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.............................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ४१/०७२
च.नं. :-

मिति :........................



६. सम्माननीय प्रधानमन्त्रीलगायत मन्त्रिपरिषद्का सदस्यहरूले एक महिना बराबरको तलब प्रधानमन्त्री दैवीप्रकोप उद्धारकोषमा उपलब्ध गराउने ।

७. भूकम्पबाट प्रभावित व्यक्तिहरूलाई टेण्ट/पाल उपलब्ध गराउन UNICEF, UNHCR अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त गर्न र अन्य सम्बद्ध मुलुकहरूबाट झिकाउन परराष्ट्र मन्त्रालयले तत्काल पहल गर्ने ।

८. काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने र उपत्यका बाहिर जाने सार्वजनिक सवारीसाधनलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गृह मन्त्रालयसँगको सहयोगमा अनिवार्य सुचारु गराउने र सञ्चालन नगर्ने व्यवसायीलाई कानुनबमोजिम कारवाही गरी वैंकल्पिक व्यवस्थाबाट यातायात चलाउने ।

९. विनासकारी भूकम्पबाट ठूलो धनजनको क्षति भएको छ । यस राष्ट्रिय विपद्को दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मिति २०७२/१/१५ देखि २०७२/१/१७ सम्म जम्मा तीन दिन नेपाल राज्यभर तथा विदेशस्थित नेपाली नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली नियोगहरू तथा जिल्ला प्रशासन कार्यालयहरूमा शोक पुस्तिका राख्ने ।

१०. विद्युत, टेलिफोन तथा खानेपानीजस्ता अत्यावश्यक वस्तु तथा सेवा तत्काल मर्मत सम्भार गरी अविलम्ब सुचारु गराउने ।

११. हालको परिस्थितिमा उद्धार कार्यमा प्रत्यक्ष संलग्न रहनुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्मका लागि मन्त्रिपरिषद्का सदस्यहरू, राजपत्राङ्कित विशिष्ट श्रेणी र प्रथम श्रेणीका पदाधिकारीहरूलाई विदेश भ्रमणमा नपठाउने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
(......................................... शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ४१/०७२

च.नं. :-

मिति :.........................



१२. प्रकोप अति प्रभावित (संकटग्रस्त जिल्ला) का जिल्ला विकास समिति, नगरपालिका एवं गाउँ विकास समितिहरूले उद्धार तथा राहत सामग्री जिल्ला दैवीप्रकोप उद्धार समितिको निर्णयबमोजिम वितरण गर्नु परेमा सोही प्रयोजनका लागि उपलब्ध रकम नपुग भएको अवस्थामा जुनसुकै वजेट शीर्षकबाट रकमान्तर गरी खरिद गर्ने । यसरी वितरण भएको सामग्री र लागत विवरण २४ घण्टाभित्र सार्वजनिक गर्ने र सोको प्रतिवेदन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जिल्ला दैवीप्रकोप उद्धार समितिमा पठाउने ।"

( लीलामणि पौड्याल )
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थ:**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।
श्री सचिव, ऊर्जा मन्त्रालय ।
श्री सचिव, परराष्ट्र मन्त्रालय ।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
श्री सचिव, सहरी विकास मन्त्रालय ।
श्री सचिव, सूचना तथा सञ्चार मन्त्रालय ।
श्री सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमलेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np